# अनुसूची– २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रतुवामाई नगरपालिका

# रतुवामाई राजपत्र

खण्डः ७ संख्याः ५ मितिः २०८०/११/०२

## भाग-२

## रतुवामाई नगरपालिका

**प्रस्तावनाः**

रतुवामाई नगरपालिका, मोरङ्ग भित्र खासगरी स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा

एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी रतुवामाई नगरपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८०" रहेको छ ।

(ख) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "एम्बुलेन्स " भन्नाले बिरामी आसार्ने स्विकृति प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले रतुवामाई नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :**

(१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक नगर एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) नगर प्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) वडाध्यक्षहरु मध्ये बाट २ जना- सदस्य

(घ) प्रतिनिधि, नगर रेडक्रस सोसाईटी, रतुवामाई - सदस्य

(ङ) रतुवामाई नगर अस्पताल प्रमुख – सदस्य

(च) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार :**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगि पुनरावलोकन गर्न नपाइने ।

(च) सरोकारवाला तथा अन्य सङ्घहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ,

(छ) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(ज) चालकले अनुसुची बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**(५) सेवा शुल्क सम्बन्धी व्यवस्था :**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम नगरपालिकाले एक अलग बैक खाता/कोष खडागरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता नगरपालिकामा राखीने छ ।

(४) सेवा दिएबापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(४) कोषको रकम नगर कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**(६) चालकको नियुक्ती र सेवा सुविधा :**

(१) एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले आवश्यकता अनुसार योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट वेहोरिने छ ।
(३) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

**(७) एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार :**
(१) एम्बुलेन्स रतुवामाई नगरपालिका वडा नं.७ मा रहेको रतुवामाई स्वास्थ्य चौकीको हातामा रहनेछ ।
(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ ।

## (८) एम्बुलेन्स सेवा सुविधा तथा शुल्क सम्बन्धि व्यवस्था

(क) रतुवामाई नगरपालिका भित्र बसोबास गर्ने जेष्ठ नागरिक अपांगता परिचय पत्र भएकालाई मोरङ्ग,झापा र सुनसरी जिल्ला भित्रका अस्पतालमा सेवा प्रवाह गर्दा निशुल्क गर्ने ।
(ख) रतुवामाई नगरपालिकामा बसोबास गर्ने गर्भवती महिलाको सुत्केरी गराउने प्रयोजनको लागि मोरङ्ग,झापा र सुनसरी जिल्लाभित्रका अस्पतालमा वा स्वास्थ्य संस्थामा सेवा प्रवाह गर्दा निशुल्क रुपमा गर्ने ।
(ग) रतुवामाई नगरपालिकामा बसोबास गर्ने नागरिकहरुलाई राष्ट्रिय माहामारी प्रकोपको समयमा अस्पतालमा वा स्वास्थ्य संस्थामा सेवा प्रवाह गर्दा निशुल्क रुपमा गर्ने ।
(घ) असाहय,अपाङ्ग बालबालिकालाई स्थानीय अस्पतालमा सेवा प्रवाह गर्दा ५०% रकम तोकिएको दररेटमा कम गरि सेवा प्रवाह गर्ने ।
(ङ) उपरोक्त उल्लेखित सेवा बाहेक अन्य सेवाग्राहिको हकमा कार्यपालिकाको निर्णय अनुसार आर्थिक ऐनमा उल्लेख भए अनुसारको शुल्क लिइनेछ।
(च) सेवा शुल्क तथा अन्य व्यवस्था सम्बन्धमा समितिले रतुवामाई राजपत्रमा नगर कार्यपालिकाको समन्वयमा समय समयमा सुचना प्रकाशित गर्न सकनेछ ।

**(९) विविध :**

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(४) एम्बुलेन्स प्रयोगकर्ताको अभिलेख एम्बुलेन्स चालकले अनुसुची- बमोजिम राखी मासीकरुपमा कार्यालयको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिको सिफारिशमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**(१०) बचाउ तथा खारेजी** :(१) देहायका निर्देशिका खारेज गरिएकाछन् ।

१. रतुवामाई नगरपालिकाको एम्बुलेन्स सेवा संचालन निर्देशिका, २०७५ ।

२. उपदफा (१) मा उल्लेखित निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची १**

**(निर्देशिकाको दफा ५ को उपदफा (१) सँग सम्बन्धीत)**

एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले तपसिल अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

म ......................... मेरो परिवार/छिमेकी श्री .................. ठेगाना रतुवामाई न.पा.वडा नम्वर ...... मोरंग बस्ने ......................... भएको कारण ...................... देखि ..................... सम्म ............. किलो मिटर प्रयोग गर्नुपर्ने भएको हुँदा एम्वुलेन्समा लाग्ने दस्तुर रु..................(अक्षेरुपी ................................................) रुपयाँ/हजार बुझाई यो१/१ प्रति भरपाई गरिदियौं/लियौ |

| रकम बुझाउने | रकम बुझिलिने |
|---|---|
| नाम- | नाम- |
| ठेगाना — | पद- |
| हस्ताक्षर - | हस्ताक्षर- |
| फोन नम्वर - | फोन नम्वर - |

## अनुसूची २
### (निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१ एम्बुलेन्स सञ्चालन निर्देशिका, २०८० लाई पूर्णतः पालना गर्नुपर्ने,

२ आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३ मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४ बिरामीको ओसारपसार तथा उपचार गनेए क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५ आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६ आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७ कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८ बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

९ आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

१० अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुर्‍याउनु पर्ने,

११ आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२ नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ........................................ (नाम) ........................................ ठेगाना .................................. ना.प्र.प.नं. ...................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ............................................ ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ......................................... जिल्ला ..................... संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनार्य सही छाप गरेको छु ।

चालकको : रोहबरमा प्रमाणित गर्ने व्यक्तिको :
दस्तखत : दस्तखत :
मिति :
नाम/पद :

मिति :

संस्थाको छाप :

**अनुसूची ३**
**(निर्देशिकाको दफा ८ को उपदफा (१) सँग सम्बन्धीत)**

**"ग" वर्गको (Common Life Support (CLS) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण**

• First Aid का सामानहरु,

• Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन

,• IV Injection दिन सक्ने व्यवस्था,

• Stetcher Cum Board,

• Strethoscopre, B.P. Apparatus, Toarchlight,

• Driver With basic training in first aid and emergent medicine

## अनुसूची-४
## (निर्देशिकाको दफा ८ को उपदफा (४) सँग सम्बन्धीत)

### एम्बुलेन्स प्रयोगकर्ता अभिलेख पुस्तिका

| मिति | बिरामीको नाम | ठेगाना | देखी | सम्म | बिरामीको प्रकार | सम्पर्क नम्बर | भुक्तानी गरेको रकम | बिरामीको प्रतिनिधिको नाम र दस्तखत | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |